# पञ्चकन्या गाउँपालिका
Panchakanya Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office Of the Rural Municipal Executive
लाकुरीभञ्ज्याङ, नुवाकोट
Lakuribhanjyang, Nuwakot
बागमती प्रदेश, नेपाल
Bagamti Province, Nepal


## सेवा करारमा सहायक मेकानिक (मिस्त्री) पदपुर्ति गर्ने सम्बन्धी सूचना

(सूचना नं.२८ २०८१/०८२, प्रकाशित मितिः २०८१/०७/१३)

पञ्चकन्या गाउँपालिकाको आ.ब.२०८१/०८२ मा रोजगार सेवा केन्द्रको नीति तथा कार्यक्रम र बजेट अनुसार यस गाउँपालिका, गाउँ कार्यपालिकाको स्थानीय निर्देशक समितिको मिति २०८१/०७/८ गतेको निर्णयानुसार यस कार्यालय र सो अन्तर्गतका दुईपाङ्ग्रे सवारी साधन (मोटरसाइकल) तथा आवश्यकतास्वरुप हाते ट्याक्टर, पानी तान्ने पम्म आदि मर्मत संभारका लागि एक जना सहायक मेकानिक (मिस्त्री) श्रेणीबिहीन करार सेवामा नियुक्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा दरखास्त पेश गर्नुहुन सम्बन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

देहायः

| क्र.स. | विज्ञापन नं. | पद | तह | माग संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०२/२०८१/०८२ | सहायक मेकानिक (मिस्त्री) | श्रेणीवीहन | १(एक) जना | ४०० |

**शैक्षिक योग्यता र अनुभवः**

१. सहायक मेकानिक (मिस्त्री) पदको लागि : कक्षा ८ उत्तीर्ण गरेको हुनु पर्नेछ। अनुभवीलाई प्राथमिकता दिईनेछ।

२. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरुः
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
- मेकानिकल सम्बन्धी कुनै तालिम प्राप्त गरेको भए सोको प्रमाणपत्रको प्रतिलिपि,
- हालसालै खिचिएको पासपोर्ट साईजको फोटो ३(तीन) प्रति,
- अनुभव भए सोको प्रमाणित पत्र,

३. उमेरको हदः पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

४. छनौट, सेवा र सुविधा : कार्यालयको नियमानुसार हुनेछ।

५. दरखास्त दिने अवधिः २०८१/०७/१३ गते देखि २०८१/०७/२७ गते सम्म।

६. दरखास्त दस्तुरः एन.आई.सि.एशिया बैंक पञ्चकन्या गाँउपालिकाको राजश्व खाताः ०५३०२५००७१८५४००१ मा जम्मा गरेको सक्कलै भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ।

७. परीक्षा मितिः दरखास्त दिने अन्तिम मितिको दिन तोकिनेछ।

८. परीक्षाको किसिमः प्रयोगात्मक, मौखिक र अन्तर्वार्ता हुनेछ ।

(कृष्णहरि पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

कृष्णहरि पौडेल
प्रमुख प्रशासकीय अधिकृत